सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

आदेश

०८०-WO-०४१६

विषयः उत्प्रेषण परमादेश।

शारदा कडायत समेत ------------------------------------------------------------------ निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय शितल निवास, काठमाडौं समेत ------------------------------ विपक्षी

निवेदनपत्र साथ संलग्न कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारी तथा विद्वान अधिवक्ताहरु श्री राजिव बास्तोला, श्री कल्याण पोखरेल, श्री त्रिलोक बहादुर चन्द, श्री हरि ओम तिमिल्सिना, श्री ज्ञानेन्द्रराज आरण, डा. श्री शिव कुमार यादव, श्री हरिप्रसाद पंगेनी, श्री राम चन्द्र पौडेल, र श्री लोकेन्द्र बहादुर धामीले गर्नुभएको वहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने भए सोको मनासिव, आधार कारण र भए सवुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी नं. १, २, ३, ४ र ५ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. ६, ७ र ८ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

साथै रिट निवेदक शारदा कडायत विपक्षी राष्ट्रपतिको कार्यालय शितलनिवास समेत भएको रिट नं. ०७९-WO-१३३७ को उत्प्रेषणको रिट निवेदनसँग प्रस्तुत निवेदन समेत लगाउमा राखी पेश गर्नुहोला।–

न्यायाधीश

इति संवत् २०८० साल मंसिर ७ गते रोज ५ शुभम् ------------------------------------।